अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८२।०२।३० गते

प्रेस विज्ञप्ति

विषय: यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवनका कार्यालय सहायक (पाँचौं) ईन्द्रजित गुरुङ र बिचौलिया सुरज पाठकलाई नियन्त्रणमा लिइएको।

यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवनका कार्यालय प्रमुख एवं कर्मचारीहरु र महालक्ष्मी ड्राईभिङ सेन्टर, गुरुङ ड्राईभिङ सेन्टर र कुमार ड्राईभिङ सेन्टर लगायतको मिलेमतोमा यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनबाट संचालन भएको सवारी चालक अनुमति पत्रको परीक्षा संचालन गर्दा फेल भएका परीक्षार्थीहरुबाट बिभिन्न वर्गका सवारी चालक अनुमति पत्र दिनका लागि वर्ग अनुसारको १५ हजारदेखी २५ हजारसम्म रकम लिई फेल भएका प्रशिक्षार्थीलाई पास गराई कानून विपरित रकम संकलन गरी भ्रष्टाचार गर्ने गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनका कार्यालय सहायक (पाँचौं) ईन्द्रजित गुरुङको कार्यकक्षबाट रु.१,८५,०००।—(एक लाख पचासी हजार रुपैयाँ) नगदसहित निज ईन्द्रजित गुरुङ र बिचौलिया सुरज पाठक समेतलाई यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनको कार्यालय परिसरबाट नियन्त्रणमा लिइएको, कार्यालय प्रमुख बिष्णु भट्टराई तथा अन्य कर्मचारीहरु र बिभिन्न ड्राइभिइ सेन्टरका संचालकहरुको बिद्युतिय उपकरण मोबाइल थान-३१ भन्दा बढी, ल्याप्टप थान-२ र अन्य कागजातहरुसमेत मिति २०८२।०२।३० गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल